# नेपाल विद्युत प्राधिकरण

## इन्जिनियरिङ सेवा निर्देशनालय

## भौगर्भिक परीक्षण विभाग

## बनस्थली, काठमाण्डौ ।

## सूची दर्ता गराउने सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति: २०८३।०४।०६

यस भौगर्भिक परीक्षण विभागको लागि आ.व.२०८३/०८४ मा आवश्यक पर्ने तपशिल बमोजिमका परामर्श सेवा, निर्माण सेवा, आपूर्ति/सप्लाई एवं मर्मत संभार सम्बन्धी कार्य गर्न नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ (सं.स.) को विनियम, ९१ मा व्यवस्था भए अनुसार मौजुदा सूची तयार गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा सप्लायर्स समेतले व्यवसाय दर्ताको प्रमाणपत्र, मू.अ.कर (VAT) को प्रमाणित प्रतिलिपिका साथै सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको, पेशागत कसुर सजाय नलागेको तथा कालो सूचीमा नपरेको ब्यहोराको स्वघोषणा गरी फर्मको नाम, ठेगाना र सम्पर्क नं. समेत उल्लेख गरी सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफूले दिन चाहेको सेवा खुलाई छुट्टाछुट्टै निवेदन सहित नेपाल विद्युत प्राधिकरण, भौगर्भिक परीक्षण विभाग, बनस्थली काठमाण्डौमा देहाय बमोजिम सूची दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । यस विभागको सूचना पार्टीमा समेत यस सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

१. परामर्श सेवा तर्फ :

- Seismic Hazard Analysis,
- Sediment Sampling & Analysis,
- Hazard Mapping (Flood Hazard, Landslide Hazard and Modelling)
- Survey & Design,
- Geophysical Survey (GPR, Magnetic, ERT,SRT etc)
- Geological Mapping, Engineering Geological Mapping,
- Geotechnical Investigation Works.
- Drilling Works,
- Loboratory Testing & Data Analysis,

२. निर्माण सेवा तर्फ :

- भौतिक सम्पत्ति निर्माण,
- भौतिक सम्पत्तिको मर्मत तथा रंगरोगन,
- अन्य सिभिल निर्माण तथा मर्मत

३. सामान खरिद तथा आपूर्ति तर्फ :

- स्टेशनरी तथा मसलन्द सामानहरू,
- छपाई सम्बन्धी कार्य,
- प्रशोधित पिउने पानी आपूर्ति सेवा,
- फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी सेवा,
- इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरू,
- कम्प्युटर/इन्टरनेट सेवा तथा सोको मरमत कार्य,
- विविध,

४ मर्मत संभार तर्फ :

- सवारी साधन मर्मत,
- सवारी साधनको स्पेयर पार्टसहरू,
- मेशिनहरूको मर्मत,
- मेशिनहरूको पार्टपूर्जा खरिद,
- ए.सी. मर्मत तथा ग्याँस रिफलिङ्ग,
- इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरू मर्मत,

५ सेवा खरिद तर्फ :

- जनशक्ति आपूर्ति सम्बन्धी कार्य,
- विविध सेवा खरिद,